# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) हेटौंडा, नेपाल, असोज २३ गते, २०८० साल (अतिरिक्ताङ्क १०

## भाग २

### बागमती प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### हेटौंडा, नेपालको

## सूचना

<u>प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) (पहिलो संशोधन)</u>

<u>आदेश, २०८०</u>

प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सुशासन ऐन, २०७७ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) (पहिलो संशोधन) आदेश, २०८०" रहेको छ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ।

२. **प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७ को दफा १५ मा संशोधनः** "प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश ,२०७७" (यसपछि "मूल आदेश" भनिएको) को दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छ।

"१५ सङ्गठन संरचना र दरबन्दीः केन्द्रको सङ्गठन संरचना र दरबन्दी प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।"

३. **मूल आदेशमा दफा २२ थपः** मूल आदेशको दफा २१ पछि देहायको दफा २२ थप गरिएको छ।

"२२ अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेः प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।"

४. **मूल आदेशको अनुसूचीमा संशोधनः** (१) मूल आदेशको अनुसूची-१ को सट्टा देहायको अनुसूची- १ राखिएको छ।

# अनुसूची- १

(दफा १३ को उपदफा (८) सँग सम्बन्धित)

## कार्यकारी निर्देशकको पारिश्रमिक तथा सुविधा

| क्र.सं. | शीर्षक | इकाइ | रकम/सुविधा |
|---|---|---|---|
| १. | पारिश्रमिक (मासिक) | रू. | ६०,४९०।- |
| २. | घर भाडा (मासिक) | रू. | २०,०००।- |
| ३. | पोसाक (वर्षको एक पटक) | रू. | १०,०००।- |
| ४. | चाडपर्व खर्च (वर्षको एक पटक) | रू. | एक महिनाको पारिश्रमिक बराबर |
| ५. | टेलिफोन/मोबाइल (मासिक) | रू. | २,०००।- |
| ६. | सवारी साधन (चालक सहित) | - | उपलब्ध गराउने |
| ७. | स्वदेश भ्रमण भत्ता (प्रति दिन) | रू. | २,०००।- |
| ८. | विदेश भ्रमण भत्ता (प्रति दिन) | अमेरिकी डलर | १७५।- |
| ९. | डिजेल/पेट्रोल | मासिक (लिटर) | ७० |
| १०. | मोबिल | त्रैमासिक (लिटर) | ५ |
| ११. | बिदा | | सञ्चालक समितिको अध्यक्षको स्वीकृतिमा आवश्यकता अनुसार बढीमा वार्षिक १५ दिन बिदा बस्न सक्ने। |

द्रष्टव्यः

१. युरोपियन मुलुकहरू, अष्ट्रेलिया, न्यूजिल्याण्ड, अमेरिका, क्यानडा, कुवेत, उत्तर कोरिया, जापान, हङ्गकङ्ग, रूस, कतार, जाम्बिया, यु.ए.इ., सिंगापुर, लेबनान, बहराइन भ्रमण गर्दा माथि उल्लेखित दरमा तेत्तीस प्रतिशत थप रकम दिइनेछ।

२. विदेश भ्रमण गर्दा भारतको चेन्नई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लेखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ। अन्य देशको हकमा माथिको दररेट अनुसार नै हुनेछ।

३. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कूनै संस्थाबाट दैनिक भत्ता बापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लेखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराइने छैन।

४. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना, बस्न र यातायात खर्च मात्र दिएकोमा दैनिक भ्रमण भत्ताको पच्चीस प्रतिशत रकम उपलब्ध गराइनेछ।

५. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट बस्न मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको तेत्तीस प्रतिशत रकम उपलब्ध गराइनेछ।

६. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको छयसट्ठी प्रतिशत रकम उपलब्ध गराइनेछ।

(२) मूल आदेशको अनुसूची- २ झिकिएको छ।

**आज्ञाले,**
**विनोद कुमार भट्टराई**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. ५।-